प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- १४४

मिति :- वि.सं. २०८२/०५/११

ने.स. :- ११४५ ञलाथ्व, ४ बुधवार

विषय: खुला निबन्ध प्रतियोगिता सम्बन्धी सूचना संशोधन गरिएको सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै

कोशी प्रदेश नेपाल ।

प्रस्तुत विषयमा राष्ट्रिय बालदिवशको अवसरमा कक्षा ८-१२ मा अध्ययनरत १८ वर्ष मूनिका बालबालिका वीच **"बालविवाह अन्त्यका लागि बालब्रालिकाको भूमिका"** विषयक प्रदेशस्तरीय खुला निबन्ध प्रतियोगिता सञ्चालन गर्ने र प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुने बालबालिकालाई राष्ट्रिय शिक्षा दिवशका अवसरमा क्रमश रु १०,०००/- ७,०००/- र ५,०००/- नगद पुरस्कार सहित प्रमाणपत्र वितरण गर्ने मिति २०८२/०५/०८ गतेको मा.मन्त्रीस्तरको निर्णय भएअनुसार तपसिल बमोजिमको शर्तको अधिनमा रही सहभागी हुन चाहने इच्छुक बालबालिकाहरुलाई सूचित हुनेगरी आ- आफ्नो पालिकास्थित विद्यालयहरुमा समेत सूचना प्रदान गरिदिनहुन आदेशानुसार अनुरोध छ ।

तपसिल .

१. निबन्धको विषय: **"बालविवाह अन्त्यका लागि बालबालिकाको भूमिका"**

२. निबन्ध पठाउने ठेगाना: सामाजिक विकास मन्त्रालयको इमेल ठेगाना mosdvacáncy@gmal.com ।

३. निबन्ध आइपुग्नुपर्ने समय: मिति २०८२ भाद्र २५ गते कार्यालय समयभित्र ।

४. निबन्धमा सहभागिता: कक्षा ८-१२ मा अध्ययनरत १८ बर्ष मूनिका बालबालिका ।

५. पुरस्कार सम्बन्धी व्यवस्था: छनौटमा परेका पहिलो, दोस्रो र तेस्रो हुने बालबालिकालाई क्रमश रु १० हजार, ७ हजार र ५ हजार नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिने ।

६. मूल्याङ्कनका आधार: निर्णायक मण्डलले निर्धारण गरेबमोजिम हुने ।

७. शब्द संख्या: निबन्ध बढीमा ३,००० (तीन हजार) शब्दको हुनुपर्ने ।

८. निबन्ध अनिवार्य रुपमा विद्यार्थी स्वयमले लेखेको हस्तलिखित हुनुपर्ने ।

द्रष्टब्य: निबन्ध मौलिक, सृजनात्मक, अन्यत्र कुनै प्रतियोगितामा प्रस्तुत नगरिएको र अप्रकाशित हुनुपर्नेछ । समयसिमा भित्र प्राप्त हुन नसकेको निबन्धलाई प्रतियोगितामा समाबेश गरिने छैन । निबन्धका साथ आफ्नो पासपोर्ट साइजको फोटो, नाम थर, कक्षा, विद्यालय र सम्पर्क नम्बर संलग्न राख्नुपर्नेछ ।

..............................

(रोसुना कोइराला)

शाखा अधिकृत

फोन नं. ०२१-५३६१८४ वेबसाइट:-www.mosd.koshi.gov.np ईमेल:- mosd@koshi.gov.np

"कोशीको गौरब हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"